# ‘असार’ कविताको सन्दर्भार्थ

**यादवप्रसाद शर्मा**

सरस्वती बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय

## लेखसार

प्रस्तुत लेखमा स्वच्छन्दतावादी-प्रगतिवादी भावधारा अन्तर्गत रहेर राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विविध विकृति तथा विसङ्गतिप्रति तीव्र व्यङ्ग्य तथा विद्रोहको भाव प्रकट गर्ने आधुनिक नेपाली कविताका विशिष्ट प्रतिभाशाली कवि भूपि शेरचनको ‘असार’ कविताको सङ्कथन विश्लेषण गरिएको छ। विवेचनाका लागि आवश्यक सैद्धान्तिक सामग्रीको सङ्कलनका निम्ति पुस्तकालयीय सामग्रीसङ्कलन विधिको प्रयोग गरिएको छ। यस क्रममा सर्वप्रथम कविको सामान्य परिचयका साथै सङ्कथन एवं सङ्कथन विश्लेषणको सामान्य परिचय पनि दिइएको छ। त्यसपछि कविताको सन्दर्भार्थ (सहभागी सन्दर्भ, स्थान सन्दर्भ, समय सन्दर्भ, विषय सन्दर्भ) तथा लयविधान (पङ्क्तिविन्यास, समानान्तरता/आवृत्ति, विचलन आदि) को विश्लेषण गरी ‘असार’ कविता असार महिनासँग लाहुरेलाई र लाहुरेसँग असार महिनालाई तुलना गरेर दुवैका आगमनको समरूपतालाई सशक्त एवं कलात्मक रूपमा अभिव्यक्त गरिएको कलात्मक गद्य कविता रहेको निष्कर्ष दिइएको छ।

प्रमुख शब्दावली : असार, आवृत्ति, सन्दर्भ, लय, लाहुरे, विचलन

## विषयपरिचय

प्रस्तुत लेख कवि भूपि शेरचन (वि.सं. १९९२-२०४६) को असार (२०२६) शीर्षक कविताको सङ्कथन विश्लेषणसँग सम्बन्धित छ। कवि भूपि सशक्त विम्ब एवं प्रतीकको प्रयोग गरी गद्यलयमा कविता लेख्ने प्रतिभाशाली नेपाली साहित्यकार हुन्। उनका **नयाँ झ्याउरे** (२०१०), **निर्झर** (२०१५) र **घुम्ने मेचमाथि अन्धो मान्छे** (२०२६) गरी तीनओटा कविता सङ्ग्रहहरू प्रकाशित रूपमा उपलब्ध छन्। असार कविता **घुम्ने मेचमाथि अन्धो मान्छे** कविता सङ्ग्रहभित्र सङ्कलित छ। यहाँ सङ्कथन विश्लेषण सिद्धान्तका आधारमा ‘असार’ कविताको भाषानिष्ठ एवं वस्तुपरक विश्लेषण गरिएको छ। सङ्कथन भनेको वाक्यभन्दा माथिल्लो भाषिक संरचना हो। यसमा सन्दर्भ समावेश भएका संवाद, व्याख्यान वा प्रवचन, घोषणा, विमर्श, परामर्श, चिठीपत्र, समाचारपत्रका लेख, विज्ञापन, प्रतिवेदन, गीत, कथा, निबन्ध आदिका साथै नाटक उपन्यास एवं महाकाव्य लगायत जुनसुकै पाठहरू पनि पर्दछन्। यसरी नै सिङ्गो कृतिको कुनै अंश वा अनुच्छेद पनि सङ्कथन हुन्छ। यहाँ विश्लेषणका लागि लिइएको ‘असार’ कविता पनि एउटा सिङ्गो सङ्कथन हो।

## अध्ययनको समस्या

कवि भूपि शेरचनद्वारा रचित ‘असार’ कवितामा के कस्तो सन्दर्भार्थ, लयविधान, पङ्क्तिविन्यास, समानान्तरता/आवृत्ति

र विचलनको प्रयोग गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान पहिल्याउनु नै प्रस्तुत अध्ययनको समाधेय समस्या हो ।

## अध्ययनको उद्देश्य

कवि भूपि शेरचनद्वारा रचित 'असार' कवितालाई सङ्कथन विश्लेषणका सन्दर्भार्थ, लयविधान, पङ्क्तिविन्यास, समानान्तरता/आवृत्ति र विचलनजस्ता आधारमा भाषानिष्ठ एवं वस्तुपरक अध्ययन गरी मुख्य आशय पहिल्याउनुका साथै अभिव्यक्ति सौष्ठवको उद्घाटन गर्नु यस लेखको उद्देश्य रहेको छ ।

## अध्ययनको औचित्य

प्रस्तुत लेखमा कवि भूपि शेरचनद्वारा रचित 'असार' कवितालाई सङ्कथन विश्लेषणका सन्दर्भार्थ, लयविधान, पङ्क्तिविन्यास, समानान्तरता/आवृत्ति र विचलनजस्ता आधारमा विश्लेषण गरिएको छ । यसबाट नेपाली साहित्यका अध्येता-अनुसन्धाताका साथै अन्य जिज्ञासुहरूसमेत लाभान्वित हुन सक्ने भएकाले प्राज्ञिक दृष्टिले यो अनुसन्धानात्मक लेख औचित्यपूर्ण रहेको छ ।

## अध्ययनको सीमा

प्रस्तुत लेखमा कवि भूपि शेरचनद्वारा रचित 'असार' कविताको मूल आशय र त्यसको अभिव्यक्ति कला पत्ता लगाउन सङ्कथन विश्लेषणका सन्दर्भार्थ (सहभागी, स्थान, समय र विषय), लयविधान, पङ्क्तिविन्यास, समानान्तरता/आवृत्ति (वर्ण, शब्द र वाक्यांश) र विचलनको मात्र विश्लेषण गरिएको छ ।

## अध्ययनविधि

अध्ययन विधिअन्तर्गत सामग्री सङ्कलन कार्य केवल पुस्तकालयीय सामग्रीसङ्कलन विधिको माध्यमबाट गरिएको छ । पुस्तकालयीय सामग्रीसङ्कलनका स्रोत त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय एवं आफ्नै व्यक्तिगत सङ्ग्रहका पुस्तकहरू रहेका छन् । विश्लेषणका निम्ति मूलतः निगमन विधिको उपयोग गरिएको छ । प्राथमिक सामग्रीका रूपमा कवि भूपि शेरचनको **घुम्ने मेचमाथि अन्धो मान्छे** कविता सङ्ग्रहमा सङ्कलित 'असार' कवितालाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा सङ्कथन विश्लेषण सम्बन्धी लेख, रचना एवं ग्रन्थहरूको उपयोग गरिएको छ । यसरी सङ्कलित प्राथमिक र द्वितीयक सामग्रीहरूको उपयोग गरी सङ्कथन विश्लेषणको सिद्धान्तका आधारमा निगमनात्मक विधिबाट भाषानिष्ठ एवं वस्तुपरक ढङ्गले वर्णनात्मक एवं विश्लेषणात्मक पद्धतिलाई अवलम्बन गरी निष्कर्षमा पुगिएको छ ।

## विश्लेषणको सैद्धान्तिक आधार

भाषिक उपकरणलाई आधार बनाएर सङ्कथनको विश्लेषण गर्ने पद्धति नै सङ्कथन विश्लेषण हो । सङ्कथन विश्लेषण भाषिक प्रयोक्ताको आशयको खोजी गर्ने भाषानिष्ठ पद्धति भएकाले यसमा भाषालाई आधार बनाएर भाषिक रूपले

ल्याउन सक्ने अर्थको अन्वेषण गरिन्छ । भाषिक अभिव्यक्तिमा प्रतिज्ञप्ति सूचक र अप्रतिज्ञप्ति सूचक शब्दहरू रहेका हुन्छन् र यी दुवै प्रकारका शब्दहरूले प्रयोक्ताको आशयमाथि नै प्रकाश पारेका हुन्छन् । सङ्कथन विश्लेषणमा व्याकरणिक संसक्ति, कोशीय संसक्ति, अर्थगत संयुक्ति, भाषिक संरचना, लय संरचना, उपवाक्य एवं वाक्य संरचना, शब्द साहचर्य, सन्दर्भजस्ता विभिन्न क्षेत्रहरूको अध्ययन गरिने भएकाले यसको क्षेत्र व्यापक एवं विस्तृत रहेको पुष्टि हुन्छ । सङ्कथन विश्लेषण अन्तर्गत सम्बोधक, सम्बोधित र विषय प्रमुख रूपमा आएका हुन्छन् । परिवेश, भाषिक रूप एवं सन्दर्भका सहयोगले सङ्कथनको आशय पहिल्याइन्छ । यस लेखमा असार कविताका सहभागी, समय, स्थान र विषय सन्दर्भका साथै लयविधानका आधारमा कविताको आशय एवं अभिप्राय पहिचान गर्नुका साथै अभिव्यक्तिगत सौन्दर्यको उद्घाटन गर्ने प्रयास गरिएको छ ।

**कविताको पूर्ण पाठ**

दूर लाहूरबाट
लामो याद
र छोटो बिदा बोकेर
प्रत्येक वर्ष
दशैँमा घर फर्कने लाहुरेझैँ
हृदयभरि सङ्गीसाथीको प्यार बोकेर
झोलाभरि दिदीबहिनीहरूका लागि उपहार बोकेर
खोल्तीभरि सोल्टिनीका लागि इन्द्रेनीको हार बोकेर
गुन्टा बोक्ने भरिया बादललाई
फकाएर फुल्याएर
अघिअघि
छिटोछिटो पठाएर
पछिपछि आफू
झुम्दैझाम्दै
नाच्दै गाउँदै
बाटाभरि मादल बजाउँदै
बुटको आवाजले आकाश घन्काउँदै
हतारहतार
चुहाउँदै पसिनाको धार
प्रत्येक वर्ष आउँछ असार

**सन्दर्भार्थको अध्ययन**

सङ्कथनको विश्लेषण गरी त्यसको अर्थग्रहण गर्न सन्दर्भार्थको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। पाठभित्र वक्ता, श्रोता र विषयका साथै स्थान, समय (काल), पर्यावरण आदि कुराहरू पनि भाषिक संरचनाका माध्यमबाट अभिव्यक्त भएका हुन्छन् । त्यसरी नै पाठभित्र समाख्याता र श्रोताका साझा संज्ञानात्मक सन्दर्भहरू पनि आएका हुन्छन् । मोहनराज शर्माका अनुसार सन्दर्भले स्थिति र रूपलाई जोड्ने कार्य गर्दछ । स्थिति भनेको अर्थको त्यो पर्यावरण (परिवेश) हो जहाँ कुनै उच्चार घटित हुन्छ । पर्यावरण अन्तर्गत सहभागी, समय, स्थान आदि पर्दछन् । स्थिति भाषाभित्र नभई भाषाबाहिर हुन्छ । शाब्दिक अर्थको बोध हुने अवधारणात्मक स्थिति, परिस्थिति एवं सहभागीहरूको सम्बन्ध स्थापित गर्ने तात्कालिक स्थिति र सहभागीहरूको सामाजिक सांस्कृतिक पृष्ठभूमि तयार गर्ने व्यापक स्थिति गरी यसका तिन क्षेत्र छन् । भाषिक रूपले स्थिति भाषा बाहिरको तह हो भने वस्तुरूप भाषाभित्रका तह हुन् । वस्तुअन्तर्गत स्वनिक र लेखिक वस्तु पर्दछन् भने रूप अन्तर्गत व्याकरणिक र कोशीय शब्द पर्दछन् । यसबाट अर्थको प्राप्ति हुन्छ । स्थिति, वस्तु र रूप यी तिन तहलाई जोड्ने अन्तर्तह सन्दर्भ र स्वनप्रक्रिया हुन् । स्वनप्रक्रियाले रूप र वस्तुलाई जोड्दछ । यसले वस्तुको संयोजनबाट रूपको निर्माण गर्दछ । सन्दर्भले रूप र पर्यावरणलाई समायोजन गर्दछ । यसरी 'निश्चित सन्दर्भमा आई भाषिक रूपले दिने अर्थ नै सन्दर्भार्थ हो (शर्मा, २०५५ : २२५) ।' सन्दर्भ सङ्कथन भित्रैबाट आशय पहिल्याउने सशक्त माध्यम हो । यहाँ सहभागी सन्दर्भ, स्थान सन्दर्भ, समय सन्दर्भ एवं विषय सन्दर्भका माध्यमबाट असार कविताको आशय पहिल्याउने कार्य भएको छ ।

| **सहभागी सन्दर्भ** | **स्थान सन्दर्भ** | **समय सन्दर्भ** | **विषय सन्दर्भ** |
|---|---|---|---|
| लाहुरे, सङ्गीसाथी, दिदीबहिनीहरू सोल्टिनी, भरिया,बादल, असार । | लाहुर,घर, बाटो, आकाश । | दशैं, प्रत्येक वर्ष । | प्रत्येक वर्ष दशैंमा दूर लाहुरबाट लामो याद र छोटो विदा बोकेर घर फर्कने लाहुरेझैं आउने, सङ्गीसाथीका लागि हृदयभरि प्यार बोकेर आउने, दिदीबहिनीहरूका लागि झोलाभरि उपहार बोकेर आउने, सोल्टिनीका लागि खोल्तीभरि इन्द्रनीको हार बोकेर आउने, गुन्टा बोक्ने भरियालाई फकाएर फुल्याएर छिटोछिटो अघिअघि पठाएर आफू पछिपछि झुम्दैझाम्दै नाच्दै गाउँदै मादल बजाउँदै आउने, प्रत्येक बर्ष लाहुरे बुटको आवाजले आकाश घन्काउँदै पसिनाको धार चुहाउँदै हतारहतार आउने, प्रत्येक वर्ष असार पनि त्यसरी नै आउने । |

**सहभागी सन्दर्भ** सङ्कथनका सहभागी प्रेषक (समाख्याता) र प्रापक (श्रोता)का बिचमा एक निश्चित सम्बन्ध रहेको हुन्छ। उक्त सम्बन्ध उनीहरूको सामाजिक स्तरमा आधारित हुन्छ। यस कवितामा प्रेषक (समाख्याता) र प्रापक (श्रोता) कोको हुन् र उनीहरूको लैङ्गिक पहिचान के हो भन्ने कुरा प्रस्ट छैन । अतः यस कवितामा प्रेषक वा समाख्याता कवि नै भएको हुँदा समाख्याता पुरुष नै भएको मान्न सकिन्छ परन्तु प्रापक ( सम्बोधित श्रोता) पाठक नै भएको हुँदा लैङ्गिकरूपमा सबै समाविष्ट छन् । अन्य सहभागी सन्दर्भका रूपमा लाहुरे, सङ्गीसाथी, दिदीबहिनीहरू, सोल्टिनी, भरिया (बादल), आफू (लाहुरे र असार) असार आएका छन् ।

**स्थान सन्दर्भ**

प्रस्तुत कवितामा स्थान सन्दर्भका रूपमा लाहुर, घर, बाटो र आकाश आएका छन् । पहिलो पङ्क्तिमा लाहुर, पाँचौ पङ्क्तिमा घर, सोह्रौं पङक्तिमा बाटो र अठारौं पङ्क्तिमा आकाश शब्दलाई प्रयोग गरिएको छ। लाहुर शब्द लाहोरको अपभ्रंश मानिन्छ। नेपालीहरू काम र मामको खोजीमा स्वदेश छाडेर विदेश जाने सुदीर्घ परम्परा रहेको छ। प्रथम र द्वितीय विश्वयुद्धमा पनि विदेशी सेनामा भर्ती भएर विश्वका विभिन्न स्थानमा युद्धमा सहभागी भएको कुरामा इतिहास साक्षी छ । त्यही सन्दर्भमा उनीहरू वर्तमान पाकिस्तानमा पर्ने लाहोर भन्ने स्थानमा पनि पुगेका थिए । अतः लाहोर पुगेका नेपालीहरूलाई लाहोरे भन्ने विशेषण प्रयोग गरियो भने पछि त्यही विशेषण अपभ्रंश भएर लाहुरे भएको मानिन्छ। समयान्तरमा विदेशी सेनामा भर्ती हुने नेपालीलाई लाहुरे भनिएको पाइन्छ भने वर्तमान समयमा काम र मामको खोजीमा विश्वका जुनसुकै भागमा पुगेका नेपालीलाई लाहुरे भन्ने गरिएको पनि पाइन्छ । अतः यहाँ लाहुरको तात्पर्य विदेश भन्ने कुरा प्रस्ट हुन्छ। कवितामा प्रयुक्त घर शब्दले देश नेपाल र त्यहाँ रहेको घरलाई जनाएको छ भने बाटो शब्दले मार्गलाई जनाएको छ। परन्तु यो शब्दले लाहुरेका प्रसङ्गमा घर फर्कने मार्गलाई र असारका प्रसङ्गमा वर्षाको प्रारम्भ र मेघगर्जनयुक्त आकाशलाई जनाएको छ। आकाश शब्दले वायुमण्डलीय आकाश वा निम्नाकाशलाई जनाएको छ।

**समय सन्दर्भ**

प्रस्तुत कवितामा समय सन्दर्भका रूपमा प्रत्येक वर्ष र दशैं जस्ता पद र पदावली प्रयुक्त छन्। प्रत्येक वर्ष पदावलीलाई कविताको चौथो र अन्तिम वा एक्काइसौं पङ्क्तिमा प्रयोग गरिएको छ भने दशैं शब्दलाई पाचौं पङ्क्तिमा प्रयोग गरिएको छ। वर्षले ३६५ दिनको समयावधिलाई सङ्केत गर्दछ भने प्रत्येक शब्द त्यसको विशेषणका रूपमा आएकोले त्यसको तात्पर्य हरेक वर्ष वा प्रतिवर्ष हुन्छ। दशैं नेपाली हिन्दूहरूको महान् सांस्कृतिक पर्व हो। त्यसैले यो शब्दले सांस्कृतिक सन्दर्भलाई बुझाउँछ तर विदेश गएका अधिकांश नेपालीहरूको घर फर्कने समय पनि यही भएकाले यो शब्दले उक्त समयलाई पनि सङ्केत गर्दछ।

**विषय सन्दर्भ**

असार कवितामा मुख्य रूपमा काम र मामको खोजीमा स्वदेश छाडेर विदेश जाने लाहुरेहरूलाई विषय सन्दर्भ बनाइएको छ। यस कवितामा कविले असार महिनाको प्रकृतिको विम्बलाई प्रयोग गरेका छन्। टाढा लाहुर (विदेश) बाट धेरै समयदेखिको स्वदेश एवं स्वजनको सम्झना र छोटो विदा (छिट्टै फर्किनु पर्ने गरी छोटो समय) लिएर हरेक वर्ष दशैंको समयमा लाहुरे घर फर्कन्छ। ऊ घर फर्कदा सङ्गीसाथीको लागि हृदयभरि प्यार लिएर, दिदीबहिनीहरूका लागि झोलाभरि उपहार लिएर, सोल्टिनीका लागि आफ्नो खोल्तीभरि इन्द्रेणीको हार लिएर आउँछ। उसले आफ्नो सरसामान र गुन्टा बोक्ने भरियालाई फकाएर फुल्याएर छिटोछिटो अघिअघि पठाउँछ, अनि आफू झुम्दैझाम्दै, नाच्दै गाउँदै घर फर्कन्छ। घर फर्कँदा पनि उसले मादल बजाउँदै अनि आफ्नो बुट (जुत्ता) को आवाजले आकाश घन्काउँदै हतारहतार गरेर पसिनाको धारा चुहाउँदै हरेक वर्ष स्वदेश (वा घर) आउँछ। यस कविताको मुख्य विषय सन्दर्भ लाहुरेहरूको स्वदेश ( स्वगृह ) प्रत्यागमन हो भने उक्त विषयलाई सशक्त एवं सफल रूपमा अभिव्यक्ति गर्न कविले असार महिनाको प्राकृतिक विम्बलाई प्रयोग गरेका छन्। प्राकृतिक विम्बका सन्दर्भमा अर्थ्याउँदा कविताको विषयसन्दर्भ निम्नानुसार हुन्छ। टाढा विदेशबाट धेरै समयदेखिको स्वदेश एवं स्वजनको सम्झना र छोटो बिदा लिएर हरेक वर्ष दशैंको समयमा

घर फर्कने लाहुरे जस्तै लामो समयान्तरपछि छोटो समयावधिका निम्ति प्रत्येक वर्ष असार महिना आउँछ। लाहुरेले आफ्नो हृदयभरि सङ्गीसाथीको माया लिएर आएर्भैं, दिदी बहिनीहरूका लागि भोलाभरि उपहारहरू बोकेर आएर्भैं असार महिना पनि आफू आउँदा सप्तरङ्गी (अस्मानी, निलो, हरियो, पहेँलो, रातो, वैजनी र सुन्तला रङ हुने) इन्द्रेणीको पङ्क्ति उपहार लिएर आउँछ। लाहुरे आउँदा आफ्नो सरसामान एवं गुन्टा (गुटुरो) भरियालाई बोकाएर फकाई फुल्याई छिटोछिटो अघिअघि पठाएर आफु पछिपछि आए र्भैं असाररूपी लाहुरेले पनि बादलरूपी भरियालाई छिटोछिटो अघिअघि पठाएर आफु पछिपछि आउँछ। लाहुरे भरियालाई अघि पठाएर आफू बाटाभरि मादल बजाउँदै भुम्दै, नाच्दैगाउँदै अनि आफ्नो बुटको आवाजले आकाश घन्काउँदै आएर्भैं असाररूपी लाहुरे पनि बादलरूपी भरियालाई अघि लगाएर कहिले बदली, कहिले रिमझिम, कहिले बुँदाबादीं हुँदै अनि बादल गर्जेर आकाशलाई घन्काउँदै आउँछ। लाहुरे उकालो बाटामा पसिनाको धारा बगाउँदै प्रत्येक वर्षको दशैंमा हतारसँग आएर्भैं क्रमशः रिमझिम अनि घनघोर पानी बर्साउँदै प्रत्येक वर्ष असार पनि आउँछ। असारमा बर्सिएको पानी समुद्रमा पुगेर पुनः वाष्पीकरण भएर बादल बनी पुनः बर्सिने गरेर्भैं जीवीकोर्जनका लागि बिदेसिएका नेपालीहरू फेरि घर फर्किने र फेरि बिदेसिने प्रक्रियालाई कविताले सशक्तरूपमा अभिव्यक्त गरेको छ। यसरी यस कवितामा नेपाली लाहुरेहरूको जीवनलाई असार महिना अनि वर्षाकालीन बादलसँग तुलना गरेर लाहुरेहरूको प्रवृत्तिलाई स्वाभाविक ढङ्गबाट प्रस्तुत गरिएको छ।

यस कवितामा विपन्न वर्गका नेपाली नागरिकहरू जीविकोपार्जनका निम्ति बिदेसिनु पर्ने बाध्यताप्रति व्यङ्ग्य प्रकट भएको छ। कवितामा असार महिनासँग लाहुरेलाई र लाहुरेसँग असार महिनालाई तुलना गरेर दुवैका आगमनको समरूपतालाई सशक्त एवं कलात्मक रूपमा अभिव्यक्त गरिएको छ।

## लय विधान

लयको अर्थ नाद हो। नाद मूलतः दुई प्रकारका हुन्छन् - आहतनाद र अनाहत नाद। आहतनाद सिर्जित नाद हो। यो कुनै वस्तुको टकराहट वा घर्षणबाट उत्पन्न हुन्छ। अनाहत नाद मूल प्रकृतिको अनादि नाद हो। यो अनादिदेखि अनन्तसम्म प्रवाहशील नै रहन्छ। परन्तु समाधिको अभ्यास गरी सामान्य एकाग्रता प्राप्त नगरेसम्म अनाहत नाद सुन्न सकिँदैन। यो नादलाई ॐकार, आमिन इत्यादि विविध नाम दिइएको पाइन्छ। सम्पूर्ण आहतनाद एवं सङ्गीतको स्रोत नै अनाहत नाद हो। अतः सत् सङ्गीतका माध्यमबाट पनि अनाहत नादसम्म पुग्न सकिन्छ। अनाहत नादबाट निरपेक्ष सत्य वा मोक्षसम्म पुग्न सकिन्छ। कवितामा पनि सङ्गीत हुने भएकोले नै पूर्वीय साहित्यमा काव्य प्रयोजनमा पुरूषार्थ चतुष्टय अन्तर्गत मोक्षलाई पनि राखिएको हो।

कविता वाचन हुँदा स्रोताले कवितामा प्रयोग भएका शब्दको अर्थ, तिनको सन्दर्भ एवं कवितामा प्रयुक्त पद, पदावली, वाक्यांश तथा वाक्यको पूर्वापर प्रसङ्गसहित अर्थलाई ठम्याइसकेको हुँदैन तापनि उसले कविताको श्रुतिरम्यताको आनन्द लिइरहेको हुन्छ। अतः कविताको पहिलो सर्त लय अर्थात् श्रुतिरम्यता वा श्रवणमाधुर्य नै हो (गौतम, २०११ : ७)। कवितालाई साहित्यका अन्य विधालाई छुट्याउने मूल आधार नै लय हो। पद्य कवितामा लय विधानका अलि भिन्न एवं विशिष्ट प्रक्रिया र पद्धतिहरू हुन्छन्। गद्य कवितामा लय सिर्जना गर्ने तत्वहरू पङ्क्तिविन्यास, वर्ण/चयन, आवृत्ति/समानान्तरता, विचलन, विशिष्ट ध्वन्यात्मक शब्दहरूको प्रयोग आदिले लय (नाद) को सिर्जना गर्छन्। यहाँ यिनै तत्वका आधारमा असार कविताको लयविधान ठम्याइएको छ।

## पङ्क्तिविन्यास

गद्य कवितामा लय सिर्जनाको एउटा आधार पङ्क्तिविन्यास पनि हो। गद्य कविताको पङ्क्तिविन्यासमा एक शब्ददेखि अनेक शब्दसम्मका पङ्क्तिहरूको असमान, अनियमित एवं विविधतापूर्ण वितरण रहेको हुन्छ। गद्य कवितामा शब्द वितरण छन्दका कविता झैँ निश्चित एवं नियमित हुँदैन। यसमा न्यूनतम शब्दहरूको वितरण, अधिकतम शब्दहरूको वितरण, शब्दहरूको असमान वितरण, शब्दहरूको चित्रात्मक वितरण आदि गद्य कविताको पङ्क्ति विन्यासमा रहने प्रमुख विशेषताहरू हुन्। पङ्क्ति विन्यास गद्यकवितामा लय ढाँचाको निर्धारण गर्ने आधारभूत तत्व हो। गद्य कवितामा एक वाक्य अनेक पङ्क्तिमा विभक्त हुन्छ तथा प्रत्येक पङ्क्तिमा गति, यति र लय हुन्छ। प्रत्येक पङ्क्तिका अन्त्यमा असामान्य विराम या काव्यात्मक विराम रहने हुँदा त्यसबाट गद्यलयको नागवेली अन्तर्नाद निष्पन्न हुन्छ। अतः पङ्क्ति विन्यास पनि गद्य कविताको लय ढाँचासँग सम्बन्धित हुन्छ।

'असार' कविता जम्मा अन्ठाउन्न शब्द, बीस पङ्क्ति र एक अनुच्छेदमा संरचित कवितात्मक सङ्कथन हो। यस कवितामा दुईदेखि पाँच शब्दसम्मका पङ्क्तिहरूको विन्यास रहेको छ। कविताका बीस पङ्क्तिहरूमध्ये एघारौँ, चौधौँ र अठारौँ गरी तीन ओटा पङ्क्तिहरू एक एक शब्दबाट निर्मित छन् भने पहिलो, दोस्रो, चौथो, दशौँ, बाह्रौँ, तेह्रौँ र पन्ध्रौँ गरी जम्मा सात ओटा पङ्क्तिहरू दुई दुई शब्दबाट निर्मित छन्। सोह्रौँ अनि उन्नाइसौँ गरी जम्मा दुई पङ्क्ति तीन तीन शब्दबाट निर्मित छन् भने तेस्रो, पाँचौँ, छैटौँ, नवौँ, सत्रौँ, र बीसौँ गरी जम्मा छ पङ्क्ति चार चार शब्दबाट बनेका छन्। कविताको सातौँ पङ्क्तिमात्र पाँच शब्दबाट सिर्जित छ भने आठौँ पङ्क्ति छ शब्दबाट सिर्जित छ। यसरी यो कविता पङ्क्तिगत शब्द वितरण असमान, अनियमित र विविधतापूर्ण रहेको छन्दमुक्त गद्य कविता हो।

यस कवितामा बीस ओटा पङ्क्तिहरू रहे तापनि यो कविता केवल एउटै वाक्यबाट बनेको एउटा अनुच्छेदका रूपमा रहेको देखिन्छ। केवल एउटै वाक्यलाई एकदेखि छ शब्दसम्मका बीस ओटा पङ्क्तिहरूमा खण्डित गरेर असमान शब्दवितरण गरी कविताको पङ्क्तिविन्यास गरिएको छ। यसरी गरिएको पङ्क्तिविन्यासले गद्यलयको नागवेली अन्तर्प्रवाहपूर्ण नादको सिर्जना गर्नुका साथै भावानुभूतिको तीव्रतालाई पनि बढाएको छ। अतः पङ्क्ति विन्यासका आधारमा हेर्दा यस कवितामा असमान एवं विविधतापूर्ण पङ्क्ति विन्यासका माध्यमबाट विशिष्ट आरोह-अवरोहको सिर्जना गरी निजत्वपूर्ण अन्तर्नादको सिर्जना गरेको पाइन्छ।

## समानान्तरता/आवृत्ति

गद्य कवितामा लय विधानको अर्को महत्वपूर्ण आधार आवृत्ति वा समानान्तरता पनि हो। समान ध्वनिदेखि समान शब्द, पदावली, वाक्यांश, उपवाक्य, वाक्य र अनुच्छेदहरू दोहोरिनु नै समानान्तरता हो। समानान्तरता बाह्य समानान्तरता र आन्तरिक समानान्तरता गरी दुई किसिमका हुन्छन्। यसैले अनुप्रासीयताको सिर्जना गरी साङ्गीतिक अन्तर्नादको सिर्जनामा महत्त्वपूर्ण सहयोग गर्दछ।

यस कवितामा समान ध्वनि वा वर्णदेखि पदावलीसम्म देखापरेको पुनरावृत्तिबाट अन्तर्साङ्गीतिक मुक्त लयको सिर्जना भएको छ। यसबाट अनुप्रासीयताको सिर्जना भई लयको निश्चित ढाँचा निर्माण भएको छ।

## वर्णको आवृत्ति

लघुतम भाषिक एकाइ वर्णका तहबाट हेर्दा यस कवितामा /र/, /ब/, /ल/ अनि /ह/ गरी चार ओटा व्यञ्जन वर्णको बढी आवृत्ति भएको छ। यस कवितामा /र/ सबैभन्दा बढी अठार पटक /ब/ पन्ध्र पटक एवं /ल/ तथा /ह/ नौ नौ पटक पुनरावृत्त भएका छन् । यसरी यहाँ /र/, /ब/, /ल/जस्ता सघोष अल्पप्राण वर्णहरूको बढी आवृत्ति भएको देखिन्छ। बढी दोहोरिएका वर्णहरूमध्ये /ह/ मात्र सघोष महाप्राण वर्ण हो । यसबाहेक अन्य स्वर एवं व्यञ्जन वर्णहरू पनि अनेकौं पटक दोहोरिएका छन् । यसरी वर्णहरूको आवृत्तिबाट यस कवितामा साङ्गीतिक अन्तर्गुञ्जनको सिर्जना भएको छ।

## शब्दको आवृत्ति

शब्दका तहबाट हेर्दा यस कवितामा बोकेर, भरि, लागि, अघि, पछि, छिटो र हतार शब्दहरूको आवृत्ति भएको छ। बोकेर र भरि शब्द चार चार पटक र लागि तीन पटक अनि अघि, पछि, छिटो र हतार शब्दहरू दुई पटक आवृत्त छन् । कविताको तेस्रो पङ्क्तिमा आएको विदा बोकेर भन्ने वाक्यांशका साथै छैटौं, सातौं र आठौं पङ्क्तिमा आएका लागि प्यार बोकेर, लागि उपहार बोकेर, लागि इन्द्रेणीको हार बोकेर जस्ता वाक्यांशहरूमा आएका ध्वनि एवं शब्दको पुनरावृत्तिले कवितामा सुन्दर अनुप्रासीय अन्तर्गुञ्जन उत्पन्न भई श्रुतिमाधुर्यको सिर्जना भएको छ। छैटौं, सातौं र आठौं पङ्क्तिको अन्त्यमा आएको बोकेर शब्दले अनि दशौं र बाहौ पङ्क्तिको अन्त्यमा आएको फुल्याएर र पठाएर शब्दले त्यस्तै क्रमशः चौधौं, पन्ध्रौं, सोहौं र सत्रौं पङ्क्तिमा आएका झुम्दैझाम्दै, नाच्दै गाउँदै, मादल बजाउँदै र आकाश घन्काउँदै शब्दले पनि अन्त्यानुप्रासको सिर्जना गरी श्रुतिमाधुर्यको बृद्धि गरेका छन् । त्यस्तै अठारौं, उन्नाइसौं र बीसौं पङ्क्तिका अन्त्यमा क्रमशः आएका हतार, धार र असार शब्दले पनि अन्त्यानुप्रासको माधुर्य सिर्जित गरेका छन् ।

## वाक्यांशको आवृत्ति

यस कवितामा 'हृदयभरि सङ्गी साथीका लागि प्यार बोकेर' (छैटौं पङ्क्ति) झोलाभरि दिदी बहिनीहरूका लागि उपहार बोकेर (सातौं पङ्क्ति) र खोल्तीभरि सोल्टिनीका लागि इन्द्रेनीको हार बोकेर (आठौं पङ्क्ति)को पुनरावृत्तिले पनि श्रवण सौष्ठवको सिर्जना गरेको छ। त्यस्तै चौथो पङ्क्ति 'प्रत्येक वर्ष' पदावलीले बनेको छ भने यही पदावली अन्तिम (बीसौं) पङ्क्ति 'प्रत्येक वर्ष आउँछ असार' मा पनि पुनरावृत्त भएको छ। यसरी यस कवितामा भाषाको लघुतम एकाइ वर्णदेखि वाक्यांशसम्म भएको आवृत्ति/समानान्तरताबाट मुक्त लयको साङ्गीतिक अन्तर्नादको सिर्जना भएको छ।

## विचलन

साहित्यमा व्याकरणका नियमहरूलाई सार्थक एवं सोद्देश्य अतिक्रमण गरी सौन्दर्यको सिर्जना गरिन्छ। विचलनले अर्थका अतिरिक्त लयलाई पनि प्रभावित गरेको हुन्छ। कवितामा कोशीय विचलन, व्याकरणात्मक विचलन, ध्वनिप्रक्रियात्मक विचलन आदिका माध्यमबाट लयात्मकताको सिर्जना गरिएको हुन्छ। कवितामा लयको निर्माणमा विचलनको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। विचलनका कारण गद्य कवितामा बाह्य एवं आन्तरिक लय सौन्दर्यको सन्तुलन देखिन्छ (गौतम, २०६६ : ५८०) । यस कवितामा पनि कविले मानक पदक्रमको विचलन गरेर लयको निर्माण गरेका छन् । यस कवितामा पनि छैटौं, सातौं र आठौं पङ्क्तिका साथै उन्नाइसौं र बीसौं पङ्क्तिमा पदक्रम विचलन गरी लयको

सिर्जना गरिएको छ । कविताको उन्नाइसौँ तथा बीसौँ पङ्क्तिमा भएको पदक्रम विचलन यस्तो छ -

चुहाउँदै पसीनाको धार
प्रत्येक वर्ष आउँछ असार

उपर्युक्त पङ्क्तिहरूमा नेपाली व्याकरणका पदक्रम सम्बन्धी मानक नियमको परिपालन गरिएको छैन । पदक्रमको मानक नियमलाई विचलन गरिएको छ । उपर्युक्त पङ्क्तिहरूलाई मानक अनुक्रममा रूपान्तरण गर्दा यस्तो वाक्यात्मक संरचना बन्छ -

असार प्रत्येक वर्ष पसीनाको धार
चुहाउँदै आउँछ ।

उपर्युल्लिखित दुवै संरचनाहरूमा उल्लेख्य अर्थगत अन्तर नभए तापनि लयात्मक अन्तर छ । अतः कविले विचलनका माध्यमबाट खासखास शब्दमा जोड दिएर लयात्मक अन्तर्साङ्गीतिकताको सिर्जना गरेका छन् । यसरी यस कवितामा विचलनका माध्यमबाट पनि अन्तर्लयको सिर्जना गरिएको छ ।

## निष्कर्ष

'असार' कवितामा प्राकृतिक समय चक्रमा हरेक वर्ष आउने असार महिनालाई मुख्य रूपमा काम र मामको खोजीमा स्वदेश छाडेर विदेश जाने लाहुरेहरूको सन्दर्भसँग जोडिएको छ । कवितामा प्रत्येक वर्ष दशैँमा लामो याद र छोटो विदा बोकेर, सङ्गीसाथीका लागि हृदयभरि प्यार बोकेर, दिदी बहिनीहरूका लागि झोलाभरि उपहार बोकेर, सोल्टिनीका लागि खोल्तीभरि इन्द्रेनीको हार बोकेर, गुन्टा बोक्ने भरियालाई फकाएर फुल्याएर छिटोछिटो अघिअघि पठाएर आफू पछिपछि झुम्दैझाम्दै, नाच्दै, गाउँदै, मादल बजाउँदै, बुटको आवाजले आकाश घन्काउँदै, पसिनाको धार चुहाउँदै हतार हतार आउने लाहुरेझैँ प्रत्येक वर्ष असार पनि आउने कुरा व्यक्त गरिएको छ । यसरी कवितामा नेपाली लाहुरेहरूको जीवनलाई असार महिना अनि वर्षाकालीन बादलसँग तुलना गरेर लाहुरेहरूको प्रवृत्तिलाई स्वाभाविक ढङ्गबाट प्रस्तुत गरी विपन्न वर्गका नेपाली नागरिकहरू जीविकोपार्जनका निम्ति बिदेसिनु पर्ने बाध्यताप्रति व्यङ्ग्य प्रकट गरिएको छ । कवितामा असार महिनासँग लाहुरेलाई र लाहुरेसँग असार महिनालाई तुलना गरेर दुवैका आगमनको समरूपतालाई सशक्त एवं कलात्मक रूपमा अभिव्यक्त गरिएको छ ।

## सन्दर्भसामग्री सूची

गौतम, देवीप्रसाद. (सन् २०११) "ध्वनि पद्धति र लयविधान". KMC Journal.काठमाडौँ : काठमाडौँ मोडल कलेज ।

गौतम, लक्ष्मणप्रसाद. (२०६६) **समकालीन नेपाली कविताका प्रवृत्ति**.काठमाडौँ : पैरवी प्रकाशन ।

शर्मा, मोहनराज. (२०५५) "अर्थका प्रकार". **समकालीनसमालोचना सिद्धान्त र प्रयोग**. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शेरचन, भूपि. (२०२६) **घुम्ने मेचमाथि अन्धो मान्छे**. काठमाडौँ : साझा प्रकाशन ।